का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक ३३२
❐ ११ माघ २०७८, मंगलबार
❐ 25 January 2022, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।




● देउवा रोडम्याप

# सत्ता प्रिय सुझाव अप्रिय

सत्ता साझेदार दलका नेताहरुको स्वार्थका कारण राष्ट्रिय राजनीतिमा प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रष्ट हुन सकेका छैनन् । पार्टीभित्रको असन्तुष्टि र सुझावप्रति बेखबर बन्दै देउवा आफ्नो सत्ता नै सवथोक भन्ने निष्कर्षमा देखिन्छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० माघ ।

नेपाली काँग्रेसको संस्थापन इतर समूहका नेताहरुले स्थानीय चुनाव वैशाखमै गर्नुपर्ने निचोड निकालेका छन् । डा.शेखर कोइरालाको नेतृत्वमा आइतबार दिउँसो भर्चुअल माध्यमबाट बैठक बसेर सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाकै कारण पार्टीप्रति प्रश्न उठेको नेताहरुको निष्कर्ष छ । गएको मंसिर अन्तिम साता डा.शेखरलाई पराजित गर्दै सभापति निर्वाचित भएपछि सभापति देउवा एक्लौटी ढंगले अगाडि बढेको अधिकांश नेताहरुले जोड दिएका छन् ।

राष्ट्रिय राजनीतिबारे सभापति देउवाले पार्टी धारणा नबनाएकोमा नेताहरुले असन्तुष्टि जनाएको केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले बताए । "सभापतिले पार्टीको धारणा बनाउने भन्दा पनि गठबन्धनको निर्णयका आधारमा अगाडि बढ्ने मनसाय देखाउनु भएको छ", केसी भन्छन् । डा.शेखर, उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, नेताहरु मीनेन्द्र रिजाल, अर्जुननरसिंह केसी लगायत सामेल बैठकले वैशाखमै स्थानीय चुनाव हुनुपर्ने जोड दिएको छ ।

तर प्रधानमन्त्री देउवा भने वैशाखमा स्थानीय तहको चुनाव नगराउने मूडमा देखिएका छन् । प्रधानमन्त्री देउवाले सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पमकल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी (जसपा) नेता बाबुराम भट्टराईलगायतले आफू निकट कानून व्यवसायीहरुसँग छलफल गरेका थिए । कानून व्यवसायीहरुसँग प्रधानमन्त्री देउवाले वैशाखमा स्थानीय चुनाव नगराउँदा आइलाग्ने समस्याबारे सुझाव मागेका थिए ।

महान्यायाधीवक्ता खम्बबहादुर खाती, पूर्वमहान्यायाधीवक्ता रमण श्रेष्ठ लगायतले संविधान अनुसार स्थानीय तह सम्बन्धी ऐन-२०७३ संशोधन गर्न सुझाव दिएका थिए । ऐनले भने आगामी ६ जेठभित्र नवनिर्वाचित जनप्रतिनिधिहरुले शपथ लिइसक्ने व्यवस्था गरेको छ । तर संविधानको धारा २२५ ले ६ महिनाभित्र चुनाव गराइसक्नुपर्ने व्यवस्था गरेको छ । प्रधानमन्त्री देउवा र गठबन्धनका नेताहरुले संविधानको यही धाराको व्याख्या गर्दै स्थानीय चुनाव सार्ने निष्कर्षमा पुगेका छन् ।

प्रधानमन्त्री देउवाको यस्तो निर्णयप्रति काँग्रेसका संस्थापन इतर नेताहरुले भने असहमति जनाएका छन् । पार्टीमा छलफल नगरी अगाडि बढेपछि उनीहरुले गठबन्धनबारे नै फरक निष्कर्ष निकालेका छन् । गठबन्धन रहिरहँदा काँग्रेसलाई फाइदा नहुने नेताहरुको भनाइ छ ।

प्रधानमन्त्री देउवाले भने अन्य राष्ट्रिय राजनीतिक एजेण्डा जस्तै यो विषयमा पनि प्रष्ट निर्णय नलिने नीति अपनाएका छन् । प्रधानमन्त्री देउवाले अरु राष्ट्रिय राजनीतिक एजेण्डामा पनि पार्टीको प्रष्ट धारणा बनाएका छैनन् । गएको कात्तिकदेखि सर्वोच्च अदालतको संकट

– बाँकी पृष्ठ २ मा

विवाह गर्न नगरौं हतार,
जरुरी छ शिक्षा र संस्कार ।

बीस वर्ष पुगेपछि मात्र विवाह गरौं र गराऔं,
उमेर नपुगी गरेको विवाह
सामाजिक र कानूनी अपराध हो ।
त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद
सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# फेरि सूर्य चिन्हको चासो

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १० माघ ।

निर्वाचन आयोगले राष्ट्रिय प्रजातन्त्र पार्टीको झण्डामा रहेको गाईको तस्वीर हटाउन निर्देशन दिएपछि एमालेको सूर्य चिन्हबारे चासो बढेको छ । गएको २ माघमा आयोगले राप्रपालाई गाईको तस्वीर हटाउन निर्देशन दिएको छ ।

तर, नेकपा एमालेका नेता भीम रावल भने यो विषय पहिले नै टुंगो लागिसकेको हुँदा अब फेरि बहसको आवश्यकता नरहेको बताउँछन् । "पहिला पनि बहस भएको र कानूनबाट बर्जित नहुने भनेर टुगिएको थियो । तसर्थ छलफल भइसकेको विषय भएकाले यसमा पुन बहस गर्नुपर्ने म देख्दिनँ," रावल भन्छन् ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल भने एमालेको सूर्य चिन्हबारे कुनै छलफल नभएको बताउँछन् । "आवश्यकता पर्‍यो भने सो विषयमा पनि हामी छलफल गर्छौं, अहिले त्यसबारे केही छलफल चलेको छैन," प्रवक्ता पौडेल भन्छन् । आयोगले सूर्य चिन्हबारे छलफल नगरेको बताएपनि चिन्हबारे पुनरावलोकन गर्ने संकेत भने गरेको छ ।

एमालेको चुनाव चिन्ह सूर्य नेपालको राष्ट्रिय झण्डामा अंकित

– बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : १०,३१९ |
| परीक्षण | : २१,२०१ |
| मृत्यु | : ४ |
| निको हुने | : २,५४० |

# कोरोनाका कारण एसोसिएसनको साधारणसभा प्रभावित, सभा सार्न प्रशासनको अनुमति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० माघ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले कोरोना भाइरसको नयाँ भेरियन्टको संक्रमण कम भएपछि मात्रै आफ्नो साधारणसभा गर्ने भएको छ । नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको एसोसिएसनले सोमबार १५औं स्थापना दिवस मनाएको छ । अवस्था सामान्य रहेको भए एसोसिएसनले नयाँ नेतृत्वको निर्वाचनसहितको साधारणसभा गर्नुपर्ने अवस्था थियो । तर, कोरोना भाइरसको नयाँ भेरियन्टका कारण जिल्ला प्रशासन कार्यालय काठमाडौंले सभा सम्मेलनलगायतका भीडभाड हुने कार्यक्रम गर्न नपाउने आदेश जारी गरेको कारण एसोसिएसनले दिवस मात्रै मनाएको हो ।

आगामी माघ मसान्तसम्म जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेशका कारणले साधारणसभा गर्न नपाएको भन्दै एसोसिएसन अध्यक्ष नरेन्द्रप्रसाद ढकालले सोमबार जिल्ला प्रशासन कार्यालयबाट अवस्था सहज भएपछि साधारणसभा गर्ने अनुमति पाएको बताए । जिल्ला प्रशासन कार्यालयको अनुमति पछि सोमबार नै बसेको एसोसिएसन कार्यसमितिको बैठकले अवस्थामा सुधार आएपछि साधारणसभा डाक्ने निर्णय गरिएको पनि उनले जानकारी दिए ।

पदका आकांक्षी धेरै भएका कारणले एसोसिएसनभित्र नयाँ नेतृत्वको छनोट पेचिलो अवस्थामा रहेको बताइन्छ । अध्यक्ष ढकालले भने सबै सहजरूपमा मिल्ने दावी गरे । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन अघि एसोसिएसनको निर्वाचन भए आकांक्षीहरूको सूची लामो हुने र

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# प्रवासीहरुले मागे मतदानको अधिकार

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १० माघ ।



वैदेशिक रोजगारी तथा अन्य प्रयोजनमा विदेशमा रहेका प्रवासी नेपालीहरूले त्यहाँबाटै मतदान गर्न पाउनु पर्ने मागसहित प्रवासी नेपाली मञ्च कतारले नेपाली दूतावासमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएको छ । सार्वभौमसत्ता सम्पन्न नेपाली जनतामा निहित सार्वभौमसत्ताको प्रयोग हुने प्रतिनिधिसभा,

– बाँकी पृष्ठ २ मा

## निर्वाचन सहितको साधारण सभा सम्बन्धी सूचना

**आदरणीय ब्यवसायी ज्यूहरु,**

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको निर्वाचन सहितको साधारणसभा यही मिति २०७८/१०/२४ गते सम्म सम्पन्न गर्नुपर्नेमा मुलुकमा कोभिड–१९ कोरोना संक्रमण बढ्न गएका कारणले उपत्यकाभित्रका जिल्ला प्रशासन कार्यालयहरुबाट अर्को आदेश नभए सम्मका लागि कुनै पनि सभा सम्मेलन नगर्न, नगराउन भन्ने आदेश सहित मिति २०७८/०९/२७ गतेको राष्ट्रिय दैनिक पत्र पत्रिकामा सार्वजनिक सूचना समेत प्रकाशित भएकोले उक्त समयभित्र साधारण सभा सम्पन्न गर्न नसकिने अवस्था सिर्जना भएको हुँदा मिति २०७८/१०/१० गते बसेको एशोसिएसन कार्यसमितिको बैठकको निर्णयानुसार नेपाल सरकारबाट सभा सम्मेलन गर्न फुकुवा आदेश भएपछि निर्वाचनको मिति तोक्ने गरी हाललाई निर्वाचन सहितको साधारणसभाको मिति सरेको ब्यहोरा लोकतान्त्रिक एशोसिएसनमा आवद्ध ब्यवसायीज्यूहरुलाई जानकारीको लागि अनुरोध गर्दछौं ।

जय नेपाल !

भवानी निरौला
महासचिव

नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१-४४६६४२८

FREE VISA, FREE TICKET, ZERO RECRUITMENT FEES

DUBAI को 7 STAR HOTEL,
Burj Al Arab (Jumeirah International)
मा वैदेशिक रोजगारको अवसर



कम्पनी : JUMEIRAH INTERNATIONAL L.L.C शहर : UAE
पूर्व स्वीकृत मिति: २०७८/१०/१० चलानी नं.: ६०१७३२७९ LT. No.: 256763

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender / Barman | 5 | 2 | स. कामामा दक्ष | 2100 | ६७,९१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bell Attendant | 10 | 10 | | 1705 | ५५,१४० | | | | | | | |
| 3. | Chef De Partie | 10 | 5 | | 3400 | १,०९,९५६ | | | | | | | |
| 4. | Commis | 20 | 20 | | 2560 | ८२,७९० | | | | | | | |
| 5. | Demi Chef De Partie | 10 | 10 | | 3000 | ९७,०२० | | | | | | | |
| 6. | Guest Relation Officer/receptionist | 5 | 5 | | 2500 | ८०,८५० | | | | | | | |
| 7. | Laundry Attendant | 15 | 10 | | 1440 | ४६,५७० | | | | | | | |
| 8. | Life Guard | 5 | 3 | | 1705 | ५५,१४० | | | | | | | |
| 9. | Room Attendant | 20 | 20 | | 1440 | ४६,५७० | | | | | | | |
| 10. | Steward | 20 | 10 | | 1705 | ५५,१४० | | | | | | | |
| 11. | Waiter/waitress | 20 | 20 | | 1705 | ५५,१४० | | | | | | | |

*Note: Candidates must have same earlier experience in 5 Star Hotel.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १८ गते (01 February 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

यसै कम्पनीका लागि Nurse, Spa Therapist, Technician (Ac, Plumber, Carperner), Life Guard, Door Man Concierge, Bartender, Barista, Florist, Animator, Butler, Asst. Chief Steward, Landry Man, Recreation Supervisor, Spa Supervisor, Front Office Supervisor, Fb, Housekeeping & Stewarding Supervisor, Hr Coordinator, Hygiene Manger, L&D Manager पनि माग भई आएकाले नि:शुल्क परामर्शको लागि यस कार्यालयमा सम्पर्क गर्नुहोला ।

HABTOOR INTERNATIONAL PVT. LTD.

Govt. Lic. No. 1147/073/74
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Tel: 01-4983377, 4973377, 9801059552, 9801059553, 9801059911, 9801059988
E-mail: jobsinhabtoor@gmail.com | Web: www.habtoorinternational.com

# उपत्यकामा मात्रै ५० हजार संक्रमित



**काठमाडौं/मस–** कोरोना भाइरसको तेस्रो भेरियन्ट ओमिक्रोनका कारण बढेको संक्रमणमा राजधानी उपत्यका बढी प्रभावित बनेको छ। ८२ हजार सक्रिय संक्रमित मध्ये राजधानी उपत्यकामा ५२ हजार नाघेको छ। राजधानी उपत्यकामा सोमबार मात्रै साढे चार हजार बढी संक्रमित थपिएका छन्। काठमाडौंमा ३,६३४ संक्रमित थपिदा ललितपुरमा ५८७ र भक्तपुरमा ४४५ जनामा संक्रमण पुष्टि भएको छ। यो सहित राजधानी उपत्यकामा सक्रिय संक्रमित संख्या राजधानी उपत्यकामा मात्रै ५२,८४२ पुगेको छ।

जबकी देशभर सक्रिय संक्रमित संख्या ८२,५५० पुगेको छ। यसको अर्थ राजधानी उपत्यका बाहिर २९ हजार हाराहारी मात्रै सक्रिय संक्रमित छन्।

त्यस मध्ये काठमाडौंमा मात्रै आधा भन्दा बढी छन्। सोमबारसम्म काठमाडौंमा उपचारत संक्रमितको संख्या ३८,५८१ जना छन्। ललितपुरमा ९,०५१ र भक्तपरमा ५,२१० जना संक्रमित उपचारत छन्। देशभर पनि सक्रिय संक्रमित संख्या घट्न सकेको छैन। सोमबार २१,२०१ जनामा परीक्षण गराउँदा १०,३१९ जनामा संक्रमण पुष्टि भएको छ।

# 'अनुसन्धानमा सकारात्मक प्रगति भएको छ'



**काठमाडौं/मस**-प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले अपराध अनुसन्धानको क्षेत्रमा नेपाल प्रहरीले सकारात्मक प्रगति हासिल गरेको बताएका छन्।

नेपाल प्रहरीको आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक कार्यप्रगति समीक्षा कार्यक्रम सोमबार प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रममा उनले प्रहरीको सक्रियताका कारण फैसला कार्यान्वयन, जघन्य अपराध, तस्करी नियन्त्रण तथा अनुसन्धानका क्षेत्रमा सकारात्मक प्रगति भएको तथ्यांकले देखाएको बताएका हुन्।

'सवारी दुर्घटना, लैंगिक हिंसाका घटनाको न्यूनीकरण तथा अनुसन्धान, हिरासत व्यवस्थापनमा अझ संवेदनशील तथा गम्भीरताका साथ प्रहरी परिचालित हुनुपर्छ', उनले भने। प्रहरी महानिरीक्षक थापा क्षेत्रीले नागरिक सेवा एवम् मुलुकमा शान्ति सुव्यवस्था कायम गर्दै वस्तुनिष्ठ अपराध अनुसन्धान गर्न तथा कोभिड-१९ महामारीको समयमा समेत प्रहरी कर्मचारी विचलित नभई कार्य सम्पादन गर्न निर्देशन दिए।

कार्यक्रममा महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रतिनिधि, सातवटै प्रदेश प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुले भर्चुअल रुपमा उपस्थित भई शान्तिसुरक्षाको प्रभावकारी व्यवस्थापन र सुधार, प्रभावकारी अपराध अनुसन्धान तथा प्रविधियुक्त अनुसन्धान प्रणाली विकास, ट्राफिक व्यवस्थापन सुधार, आर्थिक अनुशासन र पारदर्शिता, गुनासो व्यवस्थापन, भौतिक पूर्वाधार र स्रोतसाधनको व्यवस्थापन लगायतका बारेमा प्रस्तुतीकरण गरेका थिए।

# सेनाको संगठनात्मक संरचनाबारे सचिव शर्माद्वारा जानकारी



**काठमाडौं/मस**-रक्षा मन्त्रालयका नवनियुक्त सचिव किरणराज शर्मालाई नेपाली सेनाको संगठनात्मक संरचना, जिम्मेवारी, अपरेशनल गतिविधि, कल्याणकारी कार्यलगायतका विषयमा औपचारिकरुपमा जानकारी गराइएको छ।

उनको सम्मानमा नेपाली सेनाद्वारा जंगी अड्डामा आयोजित कार्यक्रमा मुलुकको वर्तमान वस्तुस्थिति लगायतका विषयमा प्रस्तुतिकरणमार्फत जानकारी गराइएको हो।

कार्यक्रममा नेपाली सेनाका रथीबृन्द तथा अधिकृतलगायत रक्षा मन्त्रालयका अधिकृत प्रतिनिधि सहभागी रहको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। यसअघि प्रधानसेनापति महारथी प्रभुराम शर्मासँग उनले भेट गरेका थिए।

# वन नियमावलीका प्रावधानप्रति असहमति

**काठमाडौं/मस**–सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (फेकोफन) ले प्रदेश वन ऐन र संरक्षित वन क्षेत्र विस्तार, तेहेरो कर तथा वन पैदावार र सदुपयोगमा प्रतिबन्ध लगाइएको भन्दै त्यसप्रति असहमति प्रकट गरेको छ।

वन ऐन २०७६ को कार्यान्वनका लागि तर्जुमा गरिएको वन नियमावलीको मस्यौदामा समुदायको अधिकार कटौती हुने केही प्रावधान रहेको उल्लेख गर्दै फेकोफनले त्यसलाई सच्याउन माग गरेको हो।

महासंघका अध्यक्ष भारती पाठकले विभिन्न प्रदेश सरकारले तर्जुमा गरेका प्रदेश वन ऐनमा संघीय वन ऐन २०७६ विपरीतका व्यवस्था गरी सामुदायिक वनमा हस्तक्षेप गरिएको उल्लेख गर्दै संरक्षित क्षेत्रको घोषणा र विस्तारले सामुदायिक वनलाई असर पारेको बताइन्।

त्यसैगरी सामुदायिक वनमा निरन्तर रुपमा तेहेरो कर लगाउने र वन पैदावारको सदुपयोगमा रोक लगाउने कार्य गरिँदै आएको टिप्पणी गर्दै उनले तत्काल संरक्षित क्षेत्र विस्तार गर्ने कार्य रोक्न, तेहेरो कर खारेज गराउन र वन पैदावारको उपयोगमा लगाइएको प्रतिबन्ध हटाउन नेपाल सरकार र प्रदेश सरकारसमक्ष आग्रह गरिन्।

## देउवा...

गहिरिदै गएको छ। प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग सहित कानून व्यवसायीहरुको छाता संस्था नेपाल बार एशोसिएशन आन्दोलनत छ। सर्वोच्च न्यायाधीशहरुले प्रधानन्यायाधीश जबरासँग इजलास साझेदारी गरेका छैनन्। प्रतिनिधिसभा चल्न सकेको छैन। विपक्षी दल नेकपा एमालेको अवरोधका कारण गएको २३ भदौदेखि संघीय संसद् चल्न सकेको छैन। तर प्रधानमन्त्री देउवा भने गठबन्धनका नेताहरुसँग छलफल गरेर सत्ता चलाइरहेका छन्। संसद् अवरोध खोल्नेबारे पार्टीमा छलफल गराएका छैनन्। अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) अर्को समस्या हो। काँग्रेस नेताहरुले एमसीसी अनुमोदन गराउनुपर्ने व्यक्तिगत अभिव्यक्ति दिदै आएका छन्। तर यसबारे पार्टीभित्र छलफल गराउन देउवाले चाहेका छैनन्।

## फेरि ....

छ। आयोगले राप्रपाबारे गरेको निर्णयसँगै एमालेको चुनाव चिन्ह समेत पुनरावलोकन गर्नुपर्ने विषय उठिरहेका छन्। यदि उक्त विषयलाई आयोगले उठाएमा एमालेले सूर्यको साटो अर्को चुनाव चिन्ह रोज्नुपर्ने अवस्था समेत देखिएको हो।

## के छ कानूनी व्यवस्था ?

राजनीतिक दल सम्बन्धी ऐनको दफा ४३ मा दलको नाम, छाप, विधान, झण्डा वा चिन्ह, दलका पदाधिकारी, केन्द्रीय
कमिटीको निर्णय आधिकारिकता सम्बन्धी विवाद आएमा विवादको निरुपण आयोगबाट हुने उल्लेख छ। सूर्य चिन्हको विवादकै विषयमा वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवाली भने संविधान बमोजिम नै हुनुपर्ने बताउँछन्। "संविधानमा के व्यवस्था छ त्यसमा टेकेर निर्देशनहरु गरिनुपर्छ। आयोगले पनि सोही बमोजिम कामकारबाही अघि बढाउँला", अधिवक्ता ज्ञवाली भन्छन्।

आयोगले राप्रपाको हकमा भने नेपालको राष्ट्रिय जनवारको तस्वीर वा चिन्ह दललाई प्रदान नगर्ने भन्दै आयोगले राप्रपाको विधानको धारा ४(क) मा उल्लेखित झण्डाको मध्य भागमा गाई चिन्ह भएको भन्ने वाक्यांश हटाई सोही बमोजिम अनुसूचीमा समेत उल्लेख गर्न भनेको छ। गत माघ २ गते नै आयोगले पत्र पठाएर संशोधित विधान र नियमावली ७ दिनभित्र पेस गर्न राप्रपालाई निर्देशन समेत गरेको थियो।

तर, राप्रपा भने आयोगको निर्देशन बिपरीत राप्रपा अदालत जाने तयारीमा छ। उक्त मुद्दा आयोगको निर्णयको पक्षमा फैसला भए राप्रपाको गाई चिन्ह मात्र नभई एमालेको सूर्य चिन्ह समेत बदर हुने देखिन्छ।

## कोरोनाका...

मिलाउन नसकेको अवस्थामा त्यसले संघको आगामी चुनावी नतिजालाई नै असर पार्न सक्ने आकलन एसोसिएसनमा आवद्ध कतिपय व्यवसायीहरूको छ। त्यसैगरी एसोसिएसनले वैदेशिक रोजगार पीडितलाई न्याय दिलाउने नाममा कानुन हातमा लिने प्रवृति बढेको भन्दै त्यसविरूद्ध कठोर र प्रभावकारी कदम चाल्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गंभीर ध्यानाकर्षण गराउने निर्णय गरेको छ।

केही दिनयता आफुहरूलाई युट्यूबर बताउने केही व्यक्तिहरूले कानुन हातमा लिएर व्यवसायी तर्साउने तथा हातपात गर्ने गरेको भन्दै एसोसिएसनले पीडितलाई न्याय दिलाउने भन्दै व्यवसायीहरूका कार्यालयमा अनाधिकृत रूपमा पसी धम्कीपूर्ण भाषा प्रयोग गर्ने गरिएको र त्यसले वैदेशिक रोजगारीका लागि कामदार अन्तरवार्तालगायतको प्रक्रियामा अवरोध पुर्‍याएको भन्दै त्यसको प्रतिवादका लागि संघले पहलकदमी लिनुपर्ने र एसोसिएसनले संघलाई पूर्णरूपमा साथ दिने निर्णय पनि गरेको अध्यक्ष ढकालले बताए। गृह मन्त्रालयसँग छलफल गरि शान्ति सुरक्षाको वातावरण बनाउन प्रयास भईरहेको समेत अध्यक्ष ढकालले जानकारी दिए।

## प्रवासीहरूले....

प्रदेशसभा र स्थानीय तह निर्वाचनको मतदानमा सहभागी गराउनुपर्ने मञ्चको माग छ। लोकतान्त्रिक शासन व्यवस्थाको चरित्र जनइच्छाअनुसार चल्नु रहेको भन्दै मञ्चले निर्वाचन नागरिकहरूको इच्छा अभिव्यक्त गर्ने माध्यम भएको हुँदा प्रवासबाटै मतदान गर्न पाउनु पर्ने ज्ञापन पत्रमा मार्फत जोड दिएको छ।

अधिकतम जनताको अभिमतलाई मतपत्रमार्फत प्रकट हुन दिई उनीहरूले रुचाएका जनप्रतिनिधिहरूलाई नै शासन प्रणालीको बागडोरमा पुर्‍याउन सकियो भने मात्र लोकतन्त्र दिगो र चिरस्थायी हुन्छ। मुलुकले शान्ति, स्थिरता, सुशासन र दिगो विकास हासिल हुने हुँदा सरकारलाई दबाब दिन ज्ञापन पत्र बुझाइएको मञ्च कतारका अध्यक्ष चानक पोखरेलले मध्यान्हलाई बताए।

नेपालको संविधानको धारा ८४(५) मा अठार वर्ष उमेर पुगेका नेपाली नागरिकलाई कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुने व्यवस्था गरेको छ। त्यस्तै, धारा १७६(५) मा अठार वर्ष उमेर पुगेका प्रदेशको प्रत्येक नेपाली नागरिकलाई कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार प्रदान गरेको संवैधानिक व्यवस्था गरेको छ। मञ्च अध्यक्ष पोखरेलले यसको अतिरिक्त धारा २२५(५) मा अठार वर्ष उमेर पुगेका गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई गाउँपालिकाको लागि मतदान गर्ने अधिकार हुने व्यवस्था गरेको छ बताए। संविधानको धारा २२३(५) मा अठार वर्ष उमेर पुगेका नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई नगरपालिकाको लागि मतदान गर्ने अधिकार हुने व्यवस्था गरेको हुँदा मतदानको अधिकार प्रयोग गर्नको लागि नेपाली भूमीमा नै रहेको वा बसेको नेपाली नागरिक हुनुपर्ने भनी संकुचित गरेको छैन।

संविधानले नै प्रत्येक नागरिकलाई मतदानमा सहभागी हुन पाउने समान अवसर प्रदान गरेको अवस्थामा स्वदेशमा रहेका नागरिकहरूलाई सो अवसर प्रदान हुने तर वैदेशिक रोजगारी, अध्ययन, अध्यापन र पेसा-व्यवसायको क्रममा देश बाहिर रहेका नागरिकहरूलाई सो अवसर प्रदान नगर्नु समानताको अधिकारको विपरीत हुने पोखरेलको तर्क छ।

प्रधानमन्त्री शेरबहादुर देउवा, परराष्ट्रमन्त्री डा. नारायण खड्का तथा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई सम्बोधन गरी लेखिएको पत्रमा कुनै प्रकारको भेदभाव विना सबै नेपाली नागरिकहरूलाई मतदानको अधिकारको उपभोग गर्ने अवसर प्रदान गर्नु राज्यको कर्तव्य हुने उल्लेख गरिएको छ। निर्वाचनमा नागरिकको सार्थक सहभागिता अपरिहार्य विषय हुन् भने मतदानमा सहभागी हुन पाउने हक हरेक नागरिकको संवैधानिक अधिकार भएको पनि जनाइएको छ।

प्रवासी नेपालीहरूलाई प्रवासबाटै प्रतिनिधिसभा, प्रदेशसभा, गाउँ तथा नगरपालिका र जनमतसंग्रहका निर्वाचनहरूमा प्रत्यक्ष रूपमा मतदान गर्न पाउने प्रबन्धको लागि नेपाली पासपोर्ट, नागरिकता वा परिचयपत्रको आधारमा कूटनीतिक नियोग मार्फत वा इन्टरनेटको विद्युतीय माध्यमबाट मतदाता नामावलीमा नाम दर्ता गर्ने र अद्यावधिक गर्न पाउने व्यवस्था गर्नसमेत माग गरिएको छ। प्रमाणित मतदाता नामावलीको आधारमा जुन देशमा बसोबास गरेको हो सोही देशको नेपाली कूटनीतिक नियोगमा विद्युतीय-मतदान-यन्त्रको माध्यमबाट प्रत्यक्ष रूपमा मतदान गर्ने र आशक्तहरूको हकमा हुलाकद्वारा मतदान गर्न पाउने गरी व्यवस्था गर्न पनि सकिन्छ, मञ्चले भनेको छ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: CONTRACTORS UNION COMPANY TRANSPORTATION AND CONTRACTING शहर: Abaiq
पूर्व स्वीकृत मितिः २०७८/१०/१० | चलानी नं.: ६०१७३२५९ | L.T. No.: 256540

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | truck driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | vehicle washing and lubricating agent | 1 | 0 | | 1200 | ३७,९९२ | | | | | | | |

२. कम्पनी: MOHAMMED HASSAN HUSSEIN AL SAAB CONTRACTING शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३२६२ | L.T. No.: 256442

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: Mohammed Hamad Al-Shaghroud General Contracting Est. शहर: Al Khobar
पूर्व स्वीकृत मितिः २०७८/१०/१० | चलानी नं.: ६०१७३२५८ | L.T. No.: 256541

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: Al-Naghmoosh Ali Ibrahim Bin Al- Naghmosh For General Contracting शहर: Qatif
पूर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३२६० | L.T. No.: 256542

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: AZZAM OMAR ABDULAZIZ AL-RAJHI CORPORATION FOR CAR SERVICES शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३२६१ | L.T. No.: 256443

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Paint | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | plumber | 1 | 0 | | 1500 | ४७,४९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १८ गते (01 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ४ को नि:शुल्क अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ०१–४९५३३३२१, ४९५५९९०
Mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## कतारमा रोजगारको अवसर

१. कम्पनी : FAIR MART शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७८/१०/१० | चलानी नं.: ६०१७३३१४ | LT. No.: 256671

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1500 | ४८,६३० | | | | | | | |
| 3. | electrician | 2 | 0 | | 1200 | ३८,९०४ | | | | | | | |
| 4. | Gen Clean Worker | 2 | 0 | | 1000 | ३२,४२० | | | | | | | |
| 5. | Labourer | 1 | 0 | | 1000 | ३२,४२० | | | | | | | |
| 6. | Representative | 1 | 0 | | 2500 | ८१,०५० | | | | | | | |
| 7. | Salesman | 1 | 0 | | 1500 | ४८,६३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १८ गते (01 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Perfect Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. ९५३/००६७/०६८
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 4987640,4950764 Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com
Mobile: 9802071039, 9803632493, 9841390685, 9828010982, 9857821827

## साउदीमा रोजगार

१. कम्पनी: TECHNICAL CREATIVITY FOR MAINTENANCE AND CLEANING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/१०/१० | चलानी नं.: ६०१७३३०२ | LT. No.: 256538

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 65 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ordinary Factor | 4 | 0 | | 1200 | ३७,९९२ | | | | | | | |
| 3. | Truck Driver | 15 | 0 | | 1800 | ५६,९८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १८ गते (01 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, बसुन्धारा, काठमाडौं। फोन नं.: ०१–४९८७६०२, ४९८७६०३,
मो.: ९८४१९९६५७१, ९८४१९९६५७२, ९८५४१९९६५७३, ९८०६९३०६०१
Email : trivenioverseas.nepal@gmail.com, trivenioverseas.laxman@gmail.com, info@trivenioverseas.com, Web:www.trivenioverseas.com

## SAUDI मा रोजगार

Matar Ajab Al Bagmi & Sons Co.
पूर्व स्वीकृती मितिः २०७८/१०/१० | चलानी नं.: ६०१७३३१२ | LT No.: 256766

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 07 | 0 | साधारण | 1100 | ३४,९१५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने नहुने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- कामदार आफैले |

अन्तरवार्ता २०७८ माघ१८गते (1 Feb.2022) यस प्रा. लि. को कार्यालय कलंकीमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**रकि ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत न.:५६४/०६२/०६३
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०१, ५२२४५०२, ५२२४५०३

# खोपको सहज उपलब्धता गराउन आयोगको आग्रह

**काठमाडौं/मस**–राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सबै नागरिकका लागि सहज खोप उपलब्ध गराउन सरकासँग आग्रह गरेका छन् ।



कोभिड-१९ को तेस्रो लहर (ओमिक्रोन) नियन्त्रणमा आयोगमा आज सरोकारवालासँगको छललफलमा उनले खोप कार्डबिना सार्वजनिक स्थलमा प्रवेश गर्न नपाइने व्यवस्थाले सर्वसाधारणको मानव अधिकारको उपभोगमा असर परेको हुँदा सहज खोप उपलब्ध गराउन आग्रह गरेका हुन् ।

अध्यक्ष मगरले सिटामोललगायतका औषधिको अभाव, सवारी साधनमा जोरबिजोर प्रणाली लागू गर्दा भीड झनै बढ्नसक्ने अवस्था र सीमा क्षेत्रमा आवतजावतको व्यवस्थापनलगायतका विषयमा सरकारले थप ध्यान पुऱ्याउन निर्देशनसमेत दिए ।

आयोगले ओमिक्रोनको संक्रमण तीव्रगतिमा फैलिइरहेको हुँदा नियन्त्रणका लागि सरकारबाट भइरहेको तयारी र प्रयासका सम्बन्धमा स्वास्थ्य मन्त्रालयका सचिव डा.रोशन पोखरेल र सहसचिवसँग छलफल गरेको हो । सरकारको योजना, अस्पतालको क्षमता, सार्वजनिक यातायातमा लगाइएको जोरबिजोर प्रणाली, बुस्टर डोज र बालबालिकालाई दिइने खोपमा पहुँच, अत्यावश्यक वस्तुमा सर्वसाधारणको सहज पहुँच, औषधिको कृत्रिम अभाव हुन नदिने जस्ता विषयमा छलफल भएको थियो ।

त्यस्तै तेस्रो मुलुकबाट नेपाल प्रवेश गरेका व्यक्तिको सेल्फक्वारेन्टिइन तथा अनुगमन व्यवस्था, सीमा क्षेत्र तथा स्थानीय तहमा सञ्चालनमा रहेको होल्डिङ सेन्टर, क्वारेन्टाइन तथा आइसोलेशन केन्द्रको अवस्था, सार्वजनिक सेवाको लागि खोप कार्ड अनिवार्य गर्ने व्यवस्थाले सेवाग्राहीको मानव अधिकारको उपभोगमा पर्ने असर तथा स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायतका अग्रपंक्तिमा खटिने कर्मचारीको मनोबल उच्च राख्न उनीहरुले पाउनुपर्ने सेवासुविधाको उपलब्धता विषयमा आयोगले जानकारी लिएको थियो ।

छलफलमा आयोगका सदस्यहरु, स्वास्थ्य मन्त्रालयका सचिव डा.रोशन पोखरेल, आयोगका का.मु. सचिव, गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयका सहसचिवहरु तथा आयोगका सहसचिवहरुको समेत उपस्थिति रहेको थियो ।

# जलवायु परिवर्तनका असरबारे ध्यानाकर्षण गराउन कालापत्थरमा पदयात्रा



**काठमाडौं/मस**– जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउन सगरमाथा आधार शिविरमा विभिन्न क्षेत्रका नेतृत्वदायी भूमिका खेलेका महिलाहरुले पदयात्रा (ट्रेकिङ) गर्ने भएका छन् ।

आगामी मार्च ८ तारिख अन्तर राष्ट्रिय महिला दिवसका अवसरमा 'वुमन युनाइटेड फर क्लाइमेट जस्टिस' भन्ने नारासाथ विभिन्न विधाका प्रतिष्ठित २७ महिलाले काठमाडौंदेखि कालापत्थरसम्म झण्डै १२ दिनको पदयात्रा गर्न लागेका हुन । 'साथसाथै' नामक संस्थाको संयोजनमा हुन लागेको सो पदयात्राको मुख्य उद्देश्य हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारणले परेको असर विश्वसामु उजागर गर्न र त्यसले महिलामा उत्पन्न गरेको समस्याको न्यायका लागि वकालत गर्ने रहेको छ । साथै जलवायु परिवर्तनका कारणले हिमाली क्षेत्रमा हिउँ पग्लने क्रम बढेको, जलवायु अनुकूलन र जलवायु परिवर्तनबारे महिलालाई सचेतना जगाउनेलगायत उद्देश्य रहेको छ ।

समूहले कालापत्थरमा विशेष कार्यक्रम गर्ने र त्यहीँबाट जलवायु परिवर्तनका असरले महिलामा पारेका असरको उजागर गर्ने तथा त्यस्ता मुद्दाको राष्ट्रिय, अन्तर राष्ट्रिय रुपमा ध्यानाकर्षण गराइने 'साथसाथै' का कार्यक्रम संयोजक प्रजिता कार्कीले जानकारी दिइन् ।

स्थानीय महिलासँग सहकार्य गर्ने र कालापत्थरको उचाइबाट जलवायु परिवर्तन प्रभावित महिलाको आवाज उठाएर विश्वलाई सन्देश दिने अयिभानको उद्देश्य रहेको उनले बताइन् । जलवायु परिवर्तन जस्ता प्रकृतिले उब्जाएका ज्वलन्त समस्याबाट कोही पनि उम्कन नपाउने र समयमै यसको चेतावनीलाई ध्यान दिएनौं भने नेपाल जस्ता मुलुक सबैभन्दा बढी पीडित हुने कार्यक्रम संयोजक कार्कीको भनाइ छ । प्रकृतिसँग घुलमिल हुँदै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि अरुलाई पनि प्रोत्साहन गर्न र जलवायु परिवर्तनको प्रभाव उजागर गर्ने उद्देश्य राखेर 'साथसाथै' संस्थाले यस अघि मर्दी हिमाल क्षेत्रका साथै अन्नपूर्ण आधार शिविरमा यसैगरी पदयात्रा सम्पन्न गरिसकेको जनाएको छ । अन्नपूर्ण आधार शिविरको पदयात्रा अभियानमा विभिन्न क्षेत्रका २० जना अगुवा महिला सहभागी थिए ।


विश्वमा हरित ग्यास उत्सर्जनले तापमानमा आएको वृद्धिसँगै जलवायु परिवर्तनका विविध असर देखिने गरेका छन् । हरित ग्यास उत्सर्जनमा नेपालको भूमिका नगन्य भएपनि बढ्दो तापमान र जलवायु परिवर्तनका असरबाट नेपाल सबैभन्दा बढी प्रभावित मुलुकको सूचीमा रहेको छ । यस विषयलाई पनि विश्वको ध्यानाकर्षण गराउने महिला पदयात्रा अभियानको उद्देश्य रहेको छ ।

स्कटल्याण्डको ग्लास्गो शहरमा गत अक्टोबर ३१ देखि नोभेम्बर १२ तारिखसम्म आयोजना भएको जलवायु परिवर्तनसम्बन्धी २६औं अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले 'राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०)', 'खुद शून्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति' र 'जलवायुजन्य हानीनोक्सानीसम्बन्धी राष्ट्रिय कार्यढाँचा' जस्ता महत्वपूर्ण नीतिगत दस्तावेज र कार्ययोजना प्रस्तुत गरेको थियो ।

नेपाल सरकारले उक्त सम्मेलनलाई जलवायू परिवर्तनका चुनौतीहरु सामना गर्न अन्तराष्ट्रिय समन्वय र सहकार्यका लागि एक महत्वपूर्ण अवसरका रुपमा लिदै प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा वन तथा वातावरण मन्त्री रामसहाय प्रसाद यादवसहितको उच्च स्तरीय प्रतिनिधि मण्डलले सहभागिता जनाएको थियो । नेपालले पर्वतीय क्षेत्र, यहाँको जनजीविकामा जलवायू परिवर्तनको असर, हानी र नोक्सानीलाई अनुकूलनभन्दा थप अलग्गै कार्यक्रमबाट सम्बोधन गर्नुपर्ने सवाल तथा सुदृढ र दिगो वित्तीय व्यवस्था सुनिश्चित गर्न प्रभावकारी रुपमा विश्व समुदायको ध्यान आकृष्ट गराएको थियो ।

# खोप कार्डविना मनाङ प्रवेशमा रोक

**नविन अंकुर/मध्यान्ह**
मनाङ, १० माघ



कोरोनाको तेस्रो भेरियन्ट (ओमिक्रोन) भाइरस फैलिरहेको अवस्था छ । कोभिडको संक्रमण बढेसँगै हिमाली जिल्ला मनाङ प्रवेशका लागि कोभिडविरुद्धको खोप कार्ड अनिवार्य गरिएको छ । पर्यटक तथा सर्वसाधारणलाई मनाङ प्रवेशका लागि खोप कार्ड अनिवार्य गरिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिए ।

उनका अनुसार विना खोप कार्ड चालकलाई पनि सवारी सञ्चालनमा रोक लगाइएको छ । कोरोनाका सक्रिय संक्रमित शून्य रहेको मनाङमा संक्रमणबाट बच्न जिल्ला बाहिरबाट आउने व्यक्तिलाई मास्क र खोप कार्ड अनिवार्य गरिएको उनले बताए ।

शून्य कोरोना संक्रमित रहेको जिल्लामा बाह्य जिल्लाबाट प्रवेश गर्ने व्यक्तिमार्फत संक्रमण सर्न सक्ने भनेर उच्च सतर्कता अपनाइएको प्रजिअ आचार्यले बताए । 'अन्नपूर्ण पदमार्गमा पर्यटक भित्रिन्छन् । उनीहरुलाई खोप कार्ड र मास्क अनिवार्य गरेका छौँ । शून्य कोभिड जिल्ला भएकाले सोहीअनुरूपको राख्ने प्रयासमा छौँ,' उनले भने ।

प्रजिअ आचार्यका अनुसार मनाङ प्रवेश नाका तालडाँडामा प्रहरी र स्वास्थ्यकर्मीले दैनिक निगरानी गरिरहेका छन् । उनका अनुसार जिल्ला कोभिड-१९ विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, सर्वदलीयका साथै कार्यालय प्रमुखको बैठक बोलाएर मनाङमा कोरोना संक्रमण रोक्न सम्पूर्णका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

दैनिकरूपमा कोरोना संक्रमण बढ्दै गएकाले मनाङ ङिस्याङ गाउँपालिकाले काठमाडौं, पोखरा, बेँसीसहरलगायत बाह्य जिल्लाबाट प्रवेश गर्ने नागरिकका साथै पर्यटकले पनि पिसाङ स्वास्थ्य चौकी तथा हुम्डे स्वास्थ्य चौकीमा अनिवार्य एन्टिजेन परीक्षण आग्रह गरेको छ ।

स्थानीयवासी जाडो छल्न बाहिरी जिल्ला गएको र अत्यावश्यक काम परेमा उनीहरु गाउँ फर्किन सक्ने मनाङ ङिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले बताए । उनका अनुसार हिमपात रोकिनासाथ उनीहरु गाउँ फर्किनेछन् ।

नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले सोमबारदेखि यहाँ कोरोनाविरुद्धको दोस्रो मात्रा खोप लगाएको छ महिना पूरा भएका लक्षित वर्गलाई बुस्टर डोज लगाउन सुरु गरिएको बताए । सार्वजनिकस्थलमा निस्कँदा मास्क अनिवार्य प्रयोग गर्न, कोरोना संक्रमणको शंका लागेमा एन्टिजेन परीक्षण गर्न, सुरक्षितरूपमा होम क्वारेन्टिनमा बस्न अनुरोध गरिएको उनले बताए ।

स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यका अनुसार मनाङमा अहिलेसम्म शून्य सक्रिय संक्रमित रहेका छन् । गत भदौ २५ गतदेखि मनाङमा सक्रिय संक्रमित शून्य रहेको उनले जानकारी दिए ।

मनाङलाई शून्य संक्रमितमै राखिरहनका लागि आवश्यक मापदण्ड पालना गर्दै उच्च सतर्कता अपनाइएको उनले बताए । मनाङमा दोस्रो चरणको लहर फैलिएयता २२३ संक्रमित भएका छन् । संक्रमितमध्ये चारजनाको मृत्यु भएको उनले बताए । मनाङको नासों गाउँपालिका र चामे गाउँपालिकाका १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई मोर्डना खोप लगाइसकिएको आचार्यले बताए ।

मनाङ ङिस्याङ गाउँपालिका र नार्पाभूमि गाउँपालिकाको विद्यालय चिसोका कारण छिटो बिदा भएपछि यहाँका बालबालिकालाई भने मोर्डना खोप लगाउन नपाइएको उनले बताए । उनीहरुलाई जिल्ला प्रवेश गर्ने बित्तिकै खोप लगाउने व्यवस्था गरिएको छ भने १८ वर्षमाथि उमेर समूहका सबै मनाङवासीले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

Provincial Government

Ministry of Physical Infrastructure Development

## Urban Development and Building Office

Morang, Biratnagar

Province 1, Nepal

## LETTER OF INTENT

**Date of publication : 2078/ 10/11 ( 25th Jan, 2022)**

**This is the notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in public procurement Act 2063, clause 27, sub-clause (2) and (3) clause 47.**

| S.N. | Contract ID. | Description of works | Name and Address Of bidder | Bid Amount (Includding PS without Vat) |
|---|---|---|---|---|
| 1. | UDBO/Morang/NCB/ Works/06-01-2078/79 | Construction Of Community Building Dhuhabi Muncipality-04, Sunsari | Matiyait Builders Pvt Ltd, Koshi-07, Sunsari | 2,341,667.36 |
| 2. | UDBO/Morang/NCB/ Works/06-02-2078/79 | Construction Of Baluwahi Sewa Samiti Building Works, Biratnagar-08 , Morang | ROSHANA NIRMAN SEWA BABIYA BIRTA -7, BIRATNAGAR | 1,462,168.46 |
| 3 | UDBO/Morang/NCB/ Works/06-03-2078/79 | Construction Of Baudhik Karmakand Pathsala Building Works , Ramdhuni-03,Sunsari | Sunsari Gadhi Construction and company, Gadhi-6, Sunsari | 1,719,070.48 |
| 4 | UDBO/Morang/NCB/ Works/07-01-2078/79 | Construction Of Barah Sanskriti Building Works , Biratnagar-03,Bagaicha Tole, Morang. | KALA BUILDER'S BIRATNAGAR-12, MORANG | 846,839.00 |

Office Chief

साउदीमा रोजगार
१. कम्पनी: BRANCH OF AL OQUD AL MAQADDIMA MAINTENANCE SINGLE. PERSON CO
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/१०/१० चलानी नं.:६०१७३३१५ LT. No.: 256733

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: HAMOOD H. AL HAMMAD FOR TRADING & CONTRACTING COMPANY शहर: AL KHOBAR
पूर्व स्वीकृत मितिः २०७८/१०/१० चलानी नं.:६०१७३३११ LT. No.: 256707

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १८ गते (01 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

